# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा. परिपत्र संख्या : ०७/२०७८-७९** **मितिः २०७८/०६/२४**

**श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभाग लगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरू, इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु, राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंकहरु र इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीहरु ।**

**विषय : एकीकृत परिपत्र-२०७६ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७६ मा देहायबमोजिम संशोधन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**(१) एकीकृत परिपत्र २५/२०७६ मा दफा १२ थपः**

१२. विप्रेषण कारोबार गर्ने इजाजतपत्रप्राप्त कम्पनीहरु लगायत त्यस्ता कम्पनीबाट नियुक्त सब एजेन्टहरुले विद्यमान नियन्त्रण संयन्त्र (Control Mechanism) का अतिरिक्त विप्रेषण वापतको रकम भुक्तानी गर्दा वेनिफिसियरी (सम्बन्धित व्यक्ति) को सक्कल नागरिकता/राहदानी/नेपाल सरकारले जारी गरेको फोटो सहितको परिचयपत्र रुजु गरी सोको प्रतिलिपि पछाडि सहिछाप समेत गराएर रकम भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

भवदीय,

(रामु पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय ।
४. श्री नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
५. श्री वैदेशिक रोजगार विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
११. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१२. श्री नेपाल उद्योग परिसंघ ।
१३. श्री नेपाल चेम्बर अफ कमर्स ।
१४. श्री नेपाल बैंकर्स संघ ।
१५. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१६. श्री नेपाल रेमिटर्स एसोसिएसन ।